नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २८२ २०८१ साल असार ३ गते सोमबार (17 June 2024 Monday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मधेस प्रदेशमा ४३ अब.. २ पृष्ठमा : दक्षिणी गाजा क्षेत्रमा 'रणनीतिक ... ४ पृष्ठमा : मिडिया काउन्सिल विधेयक ...

## घर भत्काइएको विषयमा विवाद हुँदा गर्भवती महिलासहित एकै परिवारका ६ जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ औरहीस्थित फत्तेपुर टोलमा बाटो बनाउने क्रममा घर भत्काइएको भन्दै दुई पक्षबीच कुटपिट हुँदा गर्भवती महिलासहित एकै परिवारका ६ जना घाइते भएका छन् ।

शनिबार दिउसो पोखरीको डिलमा एलानी जग्गामा फुसको संरचना बनाई वर्षौदेखि वसोवास गर्दै आएका दलित समुदायको घर हुँदै ढलान बाटो बनाउने क्रममा घर भत्काउँन खोज्दा विवाद भई कुटपीट भएको स्थानीयले जनाएका छन् ।

स्थानीय दलित अगुवा सत्यनारायण पासवानका अनुसार स्थानीय हरिसुदन यादव, उनका छोरा निरज यादव सहितको समुहले लठ्ठी र फलामे रडले कुटपीट गर्दा प्रितम पासवान, उनकी पत्नी मुसनी देवी, छोरा रन्जित, छोरी रितु र राखी तथा बुहारी सरिता घाइते भएकी छिन । घाईते सबैको टाउको फुटेको छ । घाईते मध्ये राखी गर्भवती समेत हुन ।

घाइते मध्ये २ जनाको पातोस्थित उमाकान्त कल्पना मेमोरियल अस्पताल तथा ४ जनाको सदरमुकाम राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ ।



वर्षौदेखी वसिरहेको एलानी जग्गाबाट उठिवास गराउने गरी जबरजस्ती भत्काउन थालिएको र सो बारे आपत्ती जनाउदा ज्यानै गरी कुटपीट गरिएको पीडित परिवारको भनाई छ ।

प्रदेश सरकारको बजेट उक्त स्थानमा ढलान बाटो निर्माण गर्ने योजना अनूरप काम गर्न खोज्दा आफूहरुलाई पासवान परिवारले हातपात गर्न खोज्दा रक्षाका लागी प्रतिवाद गरेको मधुसुदनको भनाइ छ ।

पूर्व क्षेत्रपाल समेत रहेका उनले पहिले आफूहरुमाथी नै आक्रमण भएपछि दुबै पक्षबीच कुटाकुट सूरु भएको बताएका छन ।

घाइतेहरुले भने आफूहरुको घर भत्काउने र हटाउने विषयमा समाजमा बसेर छलफल गरी समाधान खोज्नु पर्नेमा मधुसुदन पक्षले त्यसो नगरी राजनीतिक पूर्वाग्रह समेत राखी बल प्रयोग गरेको गुनासो गर्दै दोषीलाई कडा कारवाही गर्नु पर्ने माग गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले उक्त घटनाबारे अनुसन्धान भईरहेको र दोषी पाइएकालाई कानुन बमोजिम कारवाही हुने जनाएका छन ।

## मधेस प्रदेशको बजेट २२ करोडले घट्यो

पर्सा, २ असार (रासस) ।

मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षमा प्रस्तुत गरेको बजेटभन्दा रु २२ करोड कम हुने गरी आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट ल्याएको छ ।

मधेस प्रदेशका अर्थमन्त्री भरतप्रसाद शाहले शनिबार प्रदेशसभाको बैठकमा चालु आर्थिक वर्षमा प्रस्तुत गरेको बजेटको आकारभन्दा शून्य दशमलव ५० प्रतिशतले घटी बजेट प्रदेशसभाको बैठकमा प्रस्तुत गर्नुभएको हो ।

अर्थमन्त्री शाहले आगामी आव २०८१/८२ का लागि मधेस प्रदेशको रु ४३ अर्ब ८९ करोड २१ लाख ७० हजारको बजेट ल्याउनुभएको हो । विनियोजित बजेटमध्ये चालुतर्फ रु १६ अर्ब सात लाख एक हजार अर्थात् ३६ दशमलव ४५ प्रतिशत रहेको छ । पूँजीगतर्फ रु २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार अर्थात् ६३ दशमलव ५५ प्रतिशत रहेको छ ।

चालु आर्थिक वर्षमा भने मधेस प्रदेशका लागि रु ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार बजेट विनियोजन गरिएको थियो । अर्थमन्त्री शाहले आगामी आवमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई रु पाँच अर्ब २१ करोड ६५ लाख छ हजार बजेट विनियोजन गरेको बताउनुभयो । चालु आर्थिक वर्षमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि भने रु पाँच अर्ब ४७ करोड ३४ लाख ७८ हजार विनियोजन गरेको थियो ।

चालु आवभन्दा आगामी आवमा रु २५ करोड ६९ लाख बजेट घटेको छ । चालु आवभन्दा आगामी आवको बजेटमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको बजेट रु १६ करोड ३४ लाख बढाइएको छ । आगामी आवका लागि सो मन्त्रालयको रु दुई अर्ब ७९ करोड १९ लाख विनियोजन गरिएको छ । सोही मन्त्रालयका लागि चालु आर्थिक वर्ष २०८०/८१ को रु दुई अर्ब ६२ करोड ८५ लाख २७ हजार बजेट विनियोजन गरिएको थियो ।

प्रदेश सरकारले आगामी आवका लागि भैतिक पूर्वाधार मन्त्रालयलाई रु १३ अर्ब ११ करोड ५२ लाख ७४ हजार विनियोजन गरेको छ । त्यस्तै, खेलकुद तथा समजा कल्याण मन्त्रालयतर्फ रु एक अर्ब ९५ करोड ८३ लाख ५० हजार विनियोजन गरेको छ ।

यस्तै, ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालयतर्फ रु पाँच अर्ब १७ करोड ९६ लाख ४२ हजार विनियोजन गरिएको छ । गृह, सञ्चार तथा कानुन मन्त्रालयतर्फ रु ७७ करोड ५७ लाख चार हजार विनियोजन गरेको बजेट वक्तव्यमा उल्लेख छ ।

शिक्षा तथा संस्कृति मन्त्रालयतर्फ रु दुई अर्ब ९० करोड ५१ लाख ७६ हजार विनियोजन गरिएको छ । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयतर्फ रु दुई अर्ब ९८ करोड ५८ लाख २२ हजार विनियोजन गरेको छ । श्रम तथा यातायात मन्त्रालयतर्फ रु ९९ करोड ९७ लाख ४८ हजार विनियोजन गरिएको छ । वन तथा वातावरण मन्त्रालयतर्फ रु दुई अर्ब ४२ करोड ४० लाख २५ हजार विनियोजन गरिएको छ ।

## पेट्रोल, डिजल र मट्टीतेलको मुल्य घट्यो

**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

नेपाल आयल निगमले पेट्रोल, डिजल र मट्टीतेलको मूल्य घटाएको छ ।

शनिबार बसेको निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर ३ रुपैयाँ र डिजल तथा मट्टीतेलमा प्रतिलिटर एक रुपैयाँ घटाएको हो ।

घटेको मूल्य शनिबार राति १२ बजेदेखि लागू भएको छ । मूल्य घटेपछि काठमाडौं, पोखरा र दिपायल वरपर पेट्रोलको मूल्य प्रतिलिटर १६५ कायम भएको छ ।

त्यस्तै सुर्खेत र दाङ वरपर प्रतिलिटर १६४, चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज वरपर प्रतिलिटर १६२ कायम भएको छ ।

त्यस्तै डिजल र मट्टीतेलमा काठमाडौं, पोखरा र दिपायल वरपर प्रतिलिटर १५२, सुर्खेत र दाङ वरपर १५१ र चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज वरपर १४९ रुपैयाँ कायम भएको छ ।

## बसको ठक्करबाट युवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

सप्तरीको कञ्चनरूप नगरपालिका महादेवपट्टिमा बसको ठक्करबाट एक युवकको मृत्यु भएको छ ।

कञ्चनरूप नगरपालिका वडा २ स्थित महादेवपट्टि चौकमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश नं.१-०१-००१ ख ४१४१ नम्बरको यात्रुबाहक बसले शनिबार दिउँसो स्थानीय २७ बर्षिया उमेश मुखियालाई ठक्कर दिएको हो ।

बसको ठक्करबाट गम्भिर घाइते भएका युवकलाई उपचारका लागि धर्मेश्वर हस्पिटल लगिएकोमा त्यहा चिकित्सकले मृत घोषित गरेको थियो ।

बसका चालकलाई इलाका प्रहरी कार्यालय कञ्चनपुरले नियन्त्रणमा लिएको छ भने घटना बारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

**धियापुताके मोबाइलके लतस' बचाबू**

धीयापुतामे मोबाइलके लत लागलापर क्रियाशीलता घट्नाइं, निन्दमे कमी भेनाइं, मानसिक स्वास्थ्यमे समस्या भेनाइं, मोटापा बढ्नाइं, कुलतमे फँसनाइं, पढाइमे मन नइं लागनाइं, आँइखमे समस्या भेनाइं, रिस उठ्नाइं, परिवारमे घुलमिल होबए नइं चाहनाइं जँका असर सब देखाइत अइछ । तैं समयमे सचेत भेनाइं आवश्यक अइछ ।



१. मोबाइल चलबैके समय दैनिक रुपमे घटाबू ।
२. धियापुतासँगे घुलमिल भ कए ज्ञानवर्द्धक बात सब सुनाबू ।
३. राइतमे सकभर मोबाइल चलबए नइं दियौ, नकारात्मक प्रभावके विषयमे जानकारी कराबू ।
४. खेलकुद, चित्र, नाचगान जँका सिर्जनात्मक अभ्यासमे लगाबू ।
५. छुट्टीके दिन मन लागएवाला स्थानमे घुमाबए ल जाउ ।
६. धीयापुताके बात सहज रुपमे सुइन दियौ, जिज्ञासाके सहज जवाफ दियौ, होमवर्क करबैतखन समय दियौ आ धीयापुतासङ्गे खुशी आदान-प्रदान करु ।

हमर अहाँक छोट प्रयासस' धियापुताके भविष्य सुधार जा सकै छै । तैं आइयेस' जिम्मेवार अभिभावक बनू ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## सम्पादकीय

### अफ्वाहपछि नलागौं

समाजिक संजालमार्फत अहिले सप्तरीसहित मधेशका अन्य जिल्लाहरुमा विभिन्न अपराधका घटना हुने गरेको प्रचार भइरहेको छ । रातीको समयमा चोर, डाकाहरु हतियारसहित घरहरुमा पस्ने र बहुमुल्य सामान तथा रकम लुटेर लग्ने गरेको देखाइदै छ । तर प्रहरीले त्यस्तो अपराधका कुनै घटना नभएको दाबी गरेको छ । यता विभिन्न आपराधिक घटनाबारे अझै जनचेतनामूलक अभियान आवश्यक रहेको छ । छिमेकी छिमेकीबीच, आपसी असमझदारी तथा मादक पदार्थ सेवन गरेर झै-झगडाका घटनाहरु भइरहेको प्रहरी तथ्याङकले देखाएको छ । यस्ता घटनाले सामाजिक सद्भाव तथा आपसी भाइचारा खलबलाउन सक्ने सम्भावना समेत बढेको छ ।

यसैगरि कुटपिटका घटनाहरु पनि जिल्लामा बढेर गएको छ । कुनै न कुनै वहानामा छिमेकी छिमेकीको झगडा तथा अन्य पुरानो रिसिइबीले यस्ता घटनाहरु भइरहेको प्रहरीको तथ्याङ्कले देखाएको छ । यी घटनाहरु एक आसपमा मिल्दो जुल्दो रहेको छ । यस्ता घटनाहरुलाई निरुत्साहित गर्न समाजिक स्तरबाटै उपाय  खोज्नु पर्ने आवश्यकता रहेको छ । यस्ता घटनाले व्यक्ति व्यक्तिबीच द्वन्द र परिवारको सुःख, समृद्धिमा निरास मात्र उत्पन्न गराउने गर्दछ । यसका लागि समाजिक स्तरसँगै सरोकारवाला निकाय समेतले जिम्मेवारी पूर्ण भूमिका निर्वाह गर्न सकिए पक्कै पनि यी घटनाहरुलाई निरुत्साहित गर्न मद्दत मिल्ने छ ।

तसर्थ यस्ता घटनाहरुबारे गलत ढंगले सामाजिक संजालमार्फत प्रसारण भइरहेकोमा जिम्मेवार निकायले पनि त्यसको अनुसन्धान गर्नु आवश्यक छ । यस्ता अफ्वाहरुपछि नलाग्न हामी पनि त्यत्तिकै सचेत हुनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस प्रदेशमा ४३ अर्ब ८९ करोड २१ लाखको बजेट सार्वजनिक

धनुषा, २ असार (रासस) ।

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि कूल ४३ अर्ब ८९ करोड २१ लाख ७० हजारको बजेट सार्वजनिक गरेको  छ ।

मधेस प्रदेशसभामा प्रदेशका अर्थमन्त्री भरतप्रसाद साहले प्रस्तुत गरेको बजेटमा चालुतर्फ रु १६ अर्ब सात लाख एक हजार (३६.४५ प्रतिशत) तथा पुँजीगततर्फ रु २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार (६३.५५ प्रतिशत) रहेको छ । यो बजेट चालु आवको तुलनामा ०.५० प्रतिशतले घटी हो ।

प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनलाई प्राथमिकतामा राख्दै बजेट विनियोजन गरेको मन्त्री साहले जानकारी दिनुभयो । प्रस्तुत बजेटमा स्थानीय तहसँग समन्वय गरी मधेस प्रदेशका एक सय ३६ वटै स्थानीय तहमा पशु नश्ल केन्द्र स्थापना र सञ्चालन गर्न रु पाँच करोड २८ लाख रकम विनियोजन गरिएको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयतर्फ रु दुई अर्ब ७९ करोड १९ लाख विनियोजन गरिएको छ । वन तथा वातावरण मन्त्रालयतर्फ रु दुई अर्ब ४२ करोड ४० लाख २५ हजार विनियोजन गरिएको छ । लघु, घरेलु, साना मझौला उद्यम व्यवसायमार्फत आन्तरिक स्वरोजगार प्रवर्द्धन गर्न प्रदेश सरकारले मधेस स्टार्टअप र नवप्रवर्द्धन केन्द्रका लागि रु १५ करोड विनियोजन गरिएको छ ।१० हजार नागरिकका लागि प्रदेश सरकारले बजार माग तथा आवश्यकतामा आधारित रहेर विभिन्न प्रकारका सीप विकास तालिम प्रदान गर्नेछ ।

श्रम तथा यातायात मन्त्रालयतर्फ रु ९९ करोड ९७ लाख ४८ हजार विनियोजना गरिएको छ । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयतर्फ रु दुई अर्ब ९८ करोड ५८ लाख २२ हजार विनियोजन गरिएको छ । विसं २०८२ लाई ‘घुमौं मधेस, बुझौं मधेस’ मूल नाराका साथ मनाइने मधेस पर्यटन वर्षको पूर्वतयारीका लागि आवश्यक रकम विनियोजन गरिएको छ । शिक्षा तथा संस्कृति मन्त्रालयतर्फ रु दुई अर्ब ९० करोड ५१ लाख ७६ हजार विनियोजन गरिएको छ ।

प्रदेश निर्वाचन क्षेत्रका ३९ सम्बन्धन प्राप्त सामुदायिक प्राविधिक धार सञ्चालन भएका विद्यालयलाई सहयोग गर्न रु तीन करोड ९० लाख, प्रत्येक जिल्लामा एउटा सामुदायिक सिकाई केन्द्रलाई प्रविधियुक्त पुस्तकालयको रुपमा विकास गर्न रु दुई करोड, प्रदेशका आठवटै जिल्लाको संसदीय निर्वाचन क्षेत्रमा एक/एक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न भौतिक पूर्वाधार तथा क्षमता विकास गर्न रु १६ करोड बजेट विनियोजन गरिएको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयतर्फ रु ७७ करोड ५७ लाख चार हजार विनियोजन गरिएको छ । ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयतर्फ रु पाँच अर्ब १७ करोड ९६ लाख ४२ हजार विनियोजन गरिएको छ । खेलकुद तथा समाज कल्याण मन्त्रालयतर्फ रु एक अर्ब ९५ करोड ८३ लाख ५० हजार विनियोजन गरिएको छ ।

मधेस प्रदेशभित्र बसोबास गरेका भूमिहिन, विपन्न, सिमान्तकृत वर्गलाई मुख्यमन्त्री आवास सुरक्षा योजनामार्फत प्राकृतिक रुपमा हुने विपद् जोखिम विरुद्धको कार्यक्रमका लागि रु तीन करोड विनियोजन गरिएको छ । भौतिक पूर्वाधार मन्त्रालयतर्फ रु १३ अर्ब ११ करोड ५२ लाख ७४ हजार विनियोजन गरिएको छ । मुख्यमन्त्री जनधन सुरक्षा कार्यक्रमका लागि रु एक करोड विनियोजन गरिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयतर्फ रु पाँच अर्ब २१ करोड ६५ लाख ६  हजार विनियोजन गरिएको छ । सबै पालिकालाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस अनुसार रु एक अर्ब १८ करोड आठ लाख ४० हजार प्रदान गरिने छ । स्थानीय तह आफैँले आयोजना छनौट गर्ने गरी मधेसको सुक्खाग्रस्त समस्याको सम्बोधन गर्न महानगरलाई रु एक करोड ७५ लाख, उपमहानगरपालिकालाई रु एक करोड २५ लाख, नगरपालिकालाई रु ९५ लाख र गाउँपालिकालाई रु ८० लाखको दरले जम्मा रु एक अर्ब २१ करोड ७५ लाख अनुदान प्रदान गरिने छ ।

प्रदेशका अर्थमन्त्री भरतप्रसाद साहले आफूले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोतसाधनको अधिकतम तथा फराकिलो आर्थिक वृद्धि हुने अपेक्षा गरेको बताउनुभयो ।

वीमा लेख नं. हराएको सूचना

राजविराजबाट बरसाइन जाने क्रममा २०८१ साल बैशाख १५ गते मेरो वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८०५३३९०९७ मा सम्पर्क गर्नुहोला ।
**नाम : रामचन्द्र साह**
**ठेगाना : मानराजा ३**
**हाल :बोदेबर्साइन ६, सप्तरी**
**बीमा लेख नं. ३५१७२२६९०**

वीमा लेख नं. हराएको सूचना

राजविराजदेखी छिन्नमस्तातर्फ जाँदै गरेको अवस्थामा २०८१ साल बैशाख २५ गते मेरो रिलायन्स नेपाल लाइफ इन्स्युरेन्सको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला ।
**नाम : शत्रुधन प्रसाद दास**
**ठेगाना : विष्णुपुर गापा १, सप्तरी**
**बीमा लेख नं. : ३०६००००००३६५**

## विश्व समाचार

### दक्षिणी गाजा क्षेत्रमा ‘रणनीतिक विराम’ गर्ने  इजरायली सेनाको घोषणा

जेरुसेलम, २ असार (रासस/एएफपी) ।

इजरायली सेनाले आइतबार दक्षिणी गाजापट्टीको भागमा दिनको समयमा दैनिक सैन्य गतिविधिको ‘रणनीतिक विराम’ लागू गर्ने घोषणा गरेको छ । “केरम सालोम सीमा पार गर्ने सालाह अल-दिन रोड र त्यसपछि उत्तरतर्फ जाने सडकमा अर्को सुचना नआएसम्मका लागि मानवीय सहायता पहुँच उद्देश्यका लागि हरेक दिन बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म सैन्य गतिविधिको रणनीतिक विराम हुनेछ,” सेनाले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

संयुक्त राष्ट्र सङ्घ र अन्य संस्थाहरूसँगको छलफलपछि गाजापट्टीमा प्रवेश गर्ने मानवीय सहायताको मात्रा बढाउने प्रयासको एक हिस्साको रूपमा यो निर्णय गरिएको हो । इजरायलले लामो समयदेखि केरेम शालोम सीमामार्फत सहायता वितरण सहज बनाउने प्रयासमा हस्तक्षेप गर्दै आएको छ  तर मानव अधिकार समूहहरूले महिनौँसम्म घेराबन्दी गरिएको प्यालेस्टिनी क्षेत्रमा खाना र अन्य आवश्यक वस्तुहरूको अभावबारेमा चेतावनी दिएका हुन् ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार गाजामा पाँच वर्ष मुनिका आठ हजारभन्दा बढी बालबालिकाको तीव्र कुपोषणको उपचार गरिएको छ । अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूले इजरायल र हमासलाई अमेरिकी राष्ट्रपति जो बाइडेनको बन्धक-कैदी आदानप्रदान र सहायता वितरण युद्धविराम सम्झौताको प्रस्तावमा सहमत हुन दबाब दिइरहेका छन् । “गाजापट्टीभित्र अराजकता सक्रिय द्वन्द्वका कारण मानिसहरूको बढ्दो मागहरू पूरा गर्ने स्तरको सहायता प्रदान गर्न असम्भव हुँदै गइरहेको छ,” विश्व खाद्य कार्यक्रमका उपकार्यकारी निर्देशक कार्ल स्काउले भन्नुभयो ।

### रूसी जेल कर्मचारी आइएस कैदीको नियन्त्रणमा

मस्को, २ असार (रासस/एएफपी) ।

दक्षिणी रसियाको रोस्तोभको जेलमा इस्लामिक स्टेट (आइएस)का कैदीहरूले दुई जना जेलका कर्मचारीलाई बन्धक बनाएको रोस्तोभ जेलले आइतबार जानकारी गराएको छ । “रोस्तोभ क्षेत्रको हिरासत केन्द्र नम्बर एकमा कैदीहरूले दुई जेल कर्मचारीलाई बन्धक बनाएका छन् । बन्धकको रिहाइका लागि वार्ता भइरहेको छ,” जेल प्रशासनले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ ।राष्ट्रिय समाचार संस्था, तासका अनुसार बन्धक बनाउनेहरू आतङ्कवादको आरोपमा अदालतमा उपस्थित गराउन बाँकी रहेका आइएसका सदस्यमध्ये हुन् ।जिहादी सङ्गठनले दावी गरेको थुप्रै आक्रमणका लागि रूस लक्षित भएको छ ।

मस्को नजिकैको कन्सर्ट हलमा बन्दुकधारीहरूले मार्च २२ मा गोली चलाउँदा कम्तिमा १४४ जनाको मृत्यु र सयौँभन्दा बढी घाइते भएका थिए । यो आक्रमण दुई दशकमा रूसी भूमिमा भएको सबैभन्दा घातक आक्रमण थियो । आइएसले आक्रमणको जिम्मेवारी लिएको थियो । त्यसपछि पूर्व सोभियत गणतन्त्र ताजिकिस्तानका चार संदिग्ध आक्रमणकारीसहित २० जनाभन्दा बढीलाई पक्राउ गरिएको हो ।

### युक्रेन शान्ति शिखर सम्मेलन वार्ताका लागि तीन समुहमा विभाजित

बुर्गेन्स्टक, स्विजरल्याण्ड, २ असार (रासस/एएफपी) ।

अन्तर्राष्ट्रिय युक्रेन शान्ति शिखर सम्मेलन आइतबार खाद्य सुरक्षा, आणविक प्रकोपबाट बच्न र रसियाबाट निर्वासित बालबालिकाहरूलाई फिर्ता गर्नमा केन्द्रित रहेको छ । रुसले आक्रमण गरेको दुई वर्षभन्दा बढी समयपछि  ९० भन्दा बढी राष्ट्रका नेता र शीर्ष अधिकारीहरूले दोस्रो विश्वयुद्ध पछिको सबैभन्दा ठूलो युरोपेली द्वन्द्व समाधान गर्न समर्पित ऐतिहासिक दुई दिने शिखर सम्मेलनका लागि स्विस पहाडी रिसोर्टमा आफ्नो सहभागिता जनाएका छन् ।

विश्वका नेताहरू आफ्नो समर्थनमा शनिबार एकसाथ उभिएपछि युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युद्ध अन्त्य प्रस्तावमा अन्तर्राष्ट्रिय सहमति प्राप्त गर्ने आशा व्यक्त गर्नुभयो । “विश्वका लागि न्यायपूर्ण शान्तिको अर्थ के हो र यसलाई स्थायी रूपमा कसरी प्राप्त गर्न सकिन्छ भनेर हामीले मिलेर निर्णय गर्नुपर्छ,” जेलेन्स्कीले सम्मेलनमा उपस्थित नेतालाई भन्नुभयो ।

सन् २०२२ को अन्त्यमा प्रस्तुत गरिएको जेलेन्स्कीको १०-सूत्रीय शान्ति योजना र व्यापक समर्थनका साथ पारित भएको युद्धसम्बन्धी संयुक्त राष्ट्रसङ्घको सङ्कल्पको साझा आधारमा वार्ताका बिषयलाई तयार गरिएको छ । सहभागी राष्ट्रलाई छलफलका लागि आइतबार आणविक सुरक्षा, मानवीय मुद्दा र खाद्य सुरक्षा तथा ब्ल्याक सीमा आवागमनको स्वतन्त्रताका मुद्धासहित तीन कार्य समूहहरूमा विभाजित गरिएको हो ।

मानवीय मुद्दाको सत्रमा युद्ध बन्दी, नागरिक बन्दी, कैदी र बेपत्ता भएका व्यक्तिको विषयमा छलफल केन्द्रित रहनेछ । यसले युक्रेनी भूभागबाट रूसमा लगिएका बालबालिकाको फिर्तीबारे पनि छलफल गर्नेछ । खाद्य सुरक्षासम्बन्धी वार्ताले कृषि उत्पादन र निर्यातमा आएको मन्दीको अध्ययन गर्नेछ ।  यस कार्य समूहमा ब्राजिल, बेलायत, जर्मनी, घाना, इजरायल, केन्या, दक्षिण कोरिया, स्पेन, थाइल्यान्ड र टर्कीलगायत ३० वटा देश समावेश छन् ।

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कल्याणपुर, सप्तरीको २१ दिने सूचना

मिति : २०८१/०३/०३

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिईहालसम्म कर्जा नबुझाई भाखा नाघी र ब्याज बाँकी भई निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धीत कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धीत कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखीत मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धीत ऐन २०७३, कृषि विकास बैंक लि. को प्रचलित कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था तथा कालो सूचीमा समावेश गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं । साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लीन मञ्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

| क.सं. | कर्जा ग्राहकको नाम थर | ठेगाना | मि.सं. | पिता/पतिको नाम | बाजे/ससुराको नाम | उदेश्य | साँवा रकम रु. | मिति २०८१/०२/३२ सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कमाल ईटा उधोग(मो.तफेजुल मिया) | कल्याणपुर ३,सप्तरी | ३६४० | ईसमाईल मिया | कारि मिया | ब्यापार | 2,500,000.00 | 113,606.00 | 2,613,606.00 |
| २ | मिथिला बस्त्रालय ,प्रो: सत्यनारायण भगत | सुरुङ्गा न.पा. ५ , कुशहा | ५६२६ | सिताराम भगत | मुनी साह | ब्यापार कर्जा | 2,550,000.00 | 125,974.12 | 2,675,974.12 |
| ३ | मिथिला जेनरल स्टोर, प्रो: रामेन्दर कुमार यादव | सुरुङ्गा न.पा. १०, सिस्वा | ६१२५ | चन्देश्वर यादव | बौवा लाल भरेसवार | ब्यापार कर्जा | 1,900,000.00 | 232,128.43 | 2,132,128.43 |
| ४ | जे एण्ड जेड कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा.लि.(प्रो.नजामुदिन) | सुरुङ्गा न.पा. ७, सप्तरी | ५९०२ | ईस्लाम मिया | मिया जान मिया | ब्यापार | 1,640,000.00 | 260,772.29 | 1,900,772.29 |
| ५ | गुनजन ट्रेडर्स एण्ड जनरल स्टोर, प्रो: प्रदिप कुमार चौधरी | सुरुङ्गा न.पा. ३ , करहरबा | ६००९ | छेदीलाल चौधरी | नथर चौधरी | ब्यापार कर्जा | 2,000,000.00 | 190,217.08 | 2,190,217.08 |
| ६ | आदित्य ईलेक्ट्रोनिक्स, प्रो: आनन्दी देवी चौधरी | सुरुङ्गा न.पा. ४, मधुपटी | ५६५९ | विशेश्वर चौधरी | खसुीलाल चौ.-बाबु | ब्यापार | 1,000,000.00 | 115,786.63 | 1,115,786.63 |
| ७ | महेन्द्र प्रसाद चौधरी | सुरुङ्गा न.पा. ५ | ६०१५ | कानन चौधरीक | मुरारी चौधरी थारु | सरल कृषी | 1,000,000.00 | 117,885.61 | 1,117,885.61 |
| ८ | विदयानन्द चौधरी | सुरुङ्गा न.पा. ९ , परमानपुर | ३७३२ | बिन्तीलाल चौधरी | नथुनी चौधरी | सरल कृषी | 2,000,000.00 | 321,096.41 | 2,321,096.41 |
| ९ | सूर्य नारायण साह | सुरुङ्गा न.पा. ८ , मलहनमा | ५७७१ | अनुपलाल साह | मुनिलाल साह | सरल कृषी | 2,760,000.00 | 138,500.78 | 2,898,500.78 |
| १० | एस.बि.कृषी तथा पशुपंक्षी फर्म , प्रो: पुनम कुमारी चौधरीक | सुरुङ्गा न.पा.४ , विरनगर | ६०८० | अरुण कुमार चौधरी | शोभाकान्त चौधरी | कुखुरा पालन | 1,700,000.00 | 138,168.79 | 1,838,168.79 |
| ११ | ईर्फान एण्ड ब्रदश कन्स्ट्रक्सन , प्रो: हजरत मियाँ | पंसेरा ७ | ५९९७ | दिल महमद मियाँ | मुस्तकिम मियाँ | हायर पर्चेज | 2,200,000.00 | 330,009.19 | 2,530,009.19 |
| १२ | जयराम चौधरी कलवार | खडक न.पा. ९,बजराहिगुठी | ५१३४ | श्रीचन चौधरी | भैरव चौधरी | तरकारी खेती | 2,672,500.00 | 148,017.33 | 2,820,517.33 |
| १३ | निर्मल जल(प्रो. राज कुमार चौधरी) | खडक न.पा. ५, खरचुइया | ५४१६ | घन्सीराम चौधरी | अजवलाल चौधरी | उधोग कर्जा | 1,950,000.00 | 251,964.46 | 2,201,964.46 |
| १४ | सूश्री कुसुम वति | सुरुङ्गा न.पा. ७ , हरिपुर | ५७२७ | दूर्गानन्द चौधरी | जसी लाल | सरल कृषि | 1,000,000.00 | 46,564.11 | 1,046,564.11 |
| १५ | श्रीमति चुलिया देवी थरुनी | सूरुगा न.पा. १,पिप्रा | ५७०० | उचित लाल चौधरी | जितन चौधरी | घरायसी | 1,000,000.00 | 52,919.05 | 1,052,919.05 |
| १६ | नारायण प्रसाद साह | सुरुडगा न.पा. १०, पटेर्वा | ५०९३ | नथर साह | सिताराम साह | घरायसी | 400,000.00 | 39,911.21 | 439,911.21 |
| १७ | बद्री मुखिया | सुरुङ्ग न.पा. १० , थलहा | ६१८७ | दूखी मलाहा | दर्पी मलाहा | सरल कृषी | 925,000.00 | 87,886.82 | 1,012,886.82 |
| १८ | धनीकलाल यादव | सुरुङ्ग न.पा. ९ , बरबना | ६११६ | चन्देश्वर यादव | हिनाई यादव | सरल कृषी | 1,000,000.00 | 66,954.75 | 1,066,954.75 |
| १९ | अर्जुन होटल , प्रो: राम प्रसाद चौधरी | सुरुङ्गा ५ , कुशहा | ५४२५ | जय लाल चौधरी | लक्ष्मी चौधरी | ब्यापार | 1,500,000.00 | 24,305.00 | 1,524,305.00 |
| २० | समृद्धी कृषी तथा पशुपालन फर्म, दिलिप कुमार चौधरी | सुरुङ्गा न.प. ४, मधुपटी | ५७६६ | कारी लाल | नन्द लाल चौधरी | च्याउ खेती | 700,000.00 | 46,881.00 | 746,881.00 |
| २१ | सुनिता पोल्ट्री फर्म , प्रो: गंगाई मुखिया | सुरुङ्गा न.पा. १० , थल्हा | ५९०४ | भोसाई मलाह | हंसी मलाह | पोल्ट्री कर्जा | 950,000.00 | 42,797.76 | 992,797.76 |
| २२ | सरस्वती कुमारी ठाकुर | खडक न.पा. ९, मैनाशह्रवाहु | ५८२२ | अजय कुमार ठाकुर | बासुदेव ठाकुर | सरल कृषि | 1,000,000.00 | 152,104.05 | 1,152,104.05 |
| २३ | गोपाल चौधरी | सुरुङ्गा न.पा. १०, सिस्वा | ६२४९ | पुनित चौधरी थारु | कैलु चौधरी | सरल कृषी | 1,960,000.00 | 29,893.98 | 1,989,893.98 |
| २४ | फूल कुमारी कीराना पसल, फूल कुमारी चौधरी | सुरुङ्गा न.पा. ३ , महुलिया | ६१२१ | पदुम चौधरी | मन्तलाल चौधरी | ब्यापार | 1,000,000.00 | 51,623.30 | 1,051,623.30 |
| २५ | माँ राजदेवी ज्वेलर्स , प्रो: राम कुमार विश्वकर्मा | सुरुङ्गा न.पा. ३ , भेदिया | ५९८४ | हिरा बहादुर कामीक | खडग मान कामी | ब्यापार | 1,300,000.00 | 40,830.88 | 1,340,830.88 |
| २६ | ज्ञान कुमार सिंह | सुरुङ्गा न.पा. ३ , लक्ष्मीपुर | ५९५८ | श्रीदेव सिंह दनुवार | सुरैत सिंह दनुवार | सरल कृषि | 800,000.00 | 59,077.00 | 859,077.00 |
| २७ | सुचेन्दर सिंह | सुरुङ्गा न.पा. ३, दौलतपुर २ | ५९५७ | हरि नारायण सिंह | पंचि सिंह | सरल कृषि | 650,000.00 | 49,141.00 | 699,141.00 |
| २८ | रुपनी देबी यादब | सुरुङ्गा न.पा. ३, लक्ष्मीपुर | ६००० | जनकलाल यादब | दुखि यादब | सरल कृषि | 800,000.00 | 67,783.01 | 867,783.01 |
| २९ | जय मा काली राईस मिल(प्रो.नथरी देवी यादब) | सुरुङ्गा न.पा. ३, कडरवा | ५९९९ | बच्चाई यादब | रासे यादब | ब्यापार | 850,000.00 | 36,646.13 | 886,646.13 |
| ३० | चन्दर देवी सिंह | सुरुङ्गा न.पा. ४, मधुपटी | ५८७९ | सूर्य नारायण सिंह | गनौर सिंह | सरल कृषि | 1,000,000.00 | 65,128.61 | 1,065,128.61 |
| ३१ | समृद्धी कृषी तथा पशुपालन फर्म, दिलिप कुमार चौधरी | सुरुङ्गा न.पा. ४, मधुपटी | ५७६६ | नन्द लाल चौधरी | कारी लाल | पशुपालन | 700,000.00 | 46,881.00 | 746,881.00 |
| ३२ | बिमला कुमारी चौधरी | सुरुङ्गा न.पा. ४, मधुपटि | ६११३ | बिजय कुमार चौधरी | युगल प्रसाद चौधरी | सरल कृषि | 1,000,000.00 | 25,253.14 | 1,025,253.14 |
| ३३ | सेती देवी कृषी तथा पशुपंक्षी फर्म , प्रो: राम अशिष यादव | सुरुङ्गा न.पा. ४, खोरीया टोल | ६०३९ | रामपियार यादव | रजाई यादव | सरल कृषी | 1,112,000.00 | 15,979.33 | 1,127,979.33 |
| ३४ | आशा जेनरल स्टोर, प्रो: आशा कुमारी चौधरी | सुरुङ्गा न.पा. ५ | ५६९६ | दुर्गा प्रसाद चौधरी | भोज प्रसाद चौधरी | ब्यापार | 1,800,000.00 | 29,822.90 | 1,829,822.90 |
| ३५ | आयांशी ट्रेडर्स ,प्रो: जयराम साह | सुरुङ्गा न.पा. ७ पोखरिया | ६१८० | जिवछ प्रसाद साह तेली | सूर्य लाल साह | ब्यापार कर्जा | 1,450,000.00 | 34,448.42 | 1,484,448.42 |
| ३६ | शबुर लाल यादव | सुरुङ्गा न.पा. ७ यादबटोल | ५७८८ | घनाई यादव | विलटु यादव | घरायसी | 1,000,000.00 | 16,495.28 | 1,016,495.28 |
| ३७ | ललिता देवी यादव | सुरुङ्गा न.पा. २ | ६००५ | बेचन यादव | सुबभ यादव | सरल कृषि | 1,000,000.00 | 26,645.15 | 1,026,645.15 |
| ३८ | संजिव कुमार चौधरी | सुरुङ्गा न.पा. २ भेदिया | ५९७७ | बउवेलाल चौधरी | रतिलाल चौधरी | सरल कृषि | 700,000.00 | 19,060.15 | 719,060.15 |
| ३९ | मिठु लाल चौधरी | सुरुङ्गा न.पा. २, हर्दिया | ५८४८ | भटाई चौधरी | पलट चौधरी | सरल कृषि | 1,000,000.00 | 58,757.00 | 1,058,757.00 |
| ४० | एक्स्ट्रा मोबाईल मर्मत सेन्टर(प्रो.रोहत कुमार चौधरी) | सुरुङ्गा न.पा. २, हर्दिया | ५९३५ | महन्थी चौधरी | भुलि चौधरी | ब्यापार | 890,000.00 | 92,417.12 | 982,417.12 |
| ४१ | वेलकम होटल , प्रो: दिपेन्द्र कुमार चौधरी | सुरुङ्गा न.पा. ६ | ५७७४ | देव नारायण चौधरी | फनिलाल चौधरी | ब्यापार | 725,000.00 | 16,834.47 | 741,834.47 |
| ४२ | भोलवी यादबनी | सुरुङ्गा न.पा. ६, पटेर्वा | ५९०६ | धनिराम यादब | बुलकी यादब | घरायसी | 975,000.00 | 26,231.00 | 1,001,231.00 |
| ४३ | प्रतिमा कुमारी चौधरी | सखुवा कचनदाह | ५४५० | प्रकाश चौधरी | रामानन्द चौधरी | घरायसी | 2,000,000.00 | 61,424.10 | 2,061,424.10 |
| ४४ | माँ दुर्गा बहुउदेश्य पशुपंक्षी तथा कृषी फर्म , प्रो: दुर्गी देवी | दौलतपुर २ | ५१७० | बौका मण्डल | चलितर मण्डल | ब्यवसायीक कृषी कर्जा | 1,600,000.00 | 75,452.58 | 1,675,452.58 |
| ४५ | उतिमलाल ताँती | मोहनपुर ७, कठौना | ५०६४ | रामजी दास | नाथु | पशुपालन | 60,000.00 | 2,169.37 | 62,169.37 |
| ४६ | आदर्श कृषि बहुउदेशिय फार्म प्रो: बबिल चौधरी बरियार | मधुपटि १, सिरहा | ६०८१ | छेदीलाल चौधरी | धनिलाल चौधर्री | सरल कृषी | 1,600,000.00 | 73,570.64 | 1,673,570.64 |
| ४७ | कविता किराना एण्ड जनरल स्टोर(प्रो.कविता कुमारी चौधरी) | लहान न.पा. १०,गोठटोल,सिरहा | ६१२७ | राज कुमार चौधरी | कन्त चौधरी | ब्यापार | 1,000,000.00 | 81,317.33 | 1,081,317.33 |
| ४८ | श्रीनारायण साह | कल्याणपुर | ५६१५ | बेचन साहु | राईन साहु | सरल कृषी | 500,000.00 | 40,048.00 | 540,048.00 |
| ४९ | एम.के. उपचार क्लिनिक , प्रो: देव नन्दन चौधरी | खडक न.पा १० | ५७८२ | ईनरलाल चौधरी | सोनेलाल चौधरी | सेवा कर्जा | 2,550,000.00 | 90,245.74 | 2,640,245.74 |
| ५० | जेनिथ कृषि तथा पशुपंछी फर्म(प्रो. श्रीमती पुनिता देवी चौधरी) | खडक न.पा. ११,बनौली | ५९८७ | महिनारायण चौधरी | भुलाई चाधरी | ब्यापार | 1,000,000.00 | 48,617.80 | 1,048,617.80 |
| ५१ | हरियाली मदिरा पसल , प्रो: संतोष कुमार भगत | खडक न.पा. १० | ५७९६ | लक्ष्मण भगत | प्रेमलाल भगत | सेवा कर्जा | 300,000.00 | 16,794.50 | 316,794.50 |
| ५२ | शिव जेनरल स्टोर , प्रो: रामदेव चौधरी | खडक न.पा. १० , फुलवरिया | ६१०४ | फनिलाल चौधरी | सुन्दरलाल चौधरी | उधोग कर्जा | 2,000,000.00 | 106,963.29 | 2,106,963.29 |
| ५३ | संजय जेनरल स्टोर , प्रो: संजय कुमार चौधरी | खडक न.पा. ५ | ५८०२ | चन्देश्वर चौधरी | बनारजी चौधरी | ब्यापार | 1,000,000.00 | 84,867.68 | 1,084,867.68 |
| ५४ | रामदेव साहु तेली | खडक न.पा. ७, कमलपुर | ३०४९ | लक्ष्मी साहु तेली | जलधर साह | घरायसी | 500,000.00 | 23,784.38 | 523,784.38 |
| ५५ | रामेश्वर सन्स(प्रो. कृष्ण नारायण चौधरी) | खडक न.पा. ७, कल्याणपुर | ३६०५ | रामेश्वर चौधरी | पुनिलाल चौधरी | ब्यापार | 2,000,000.00 | 106,585.20 | 2,106,585.20 |
| ५६ | साईमन रेडिमेड कपडा पसल(प्रो.पुनिता कुमारी लेखी) | खडक न.पा. ७, कल्याणपुर | ५९४० | खेलानन्द लेखी | बच्चुलाल चौधरी | ब्यापार | 2,000,000.00 | 121,963.29 | 2,121,963.29 |
| ५७ | संगिता कुमारी चौधरी | खडक न.पा. ९ | ६१४४ | अनोद कुमार चौधरी | पुलकित चौधरी | सरल कृषी | 370,000.00 | 56,303.47 | 426,303.47 |
| ५८ | बर्षा कुमारी | खडक न.पा. ८, बिषणपुर | ५५२० | नन्द किसोर यादब | चन्द् नारायण यादब | कृषि | 750,000.00 | 79,956.19 | 829,956.19 |
| ५९ | लक्ष्मी जेनरल स्टोर , प्रो: गीता कुमारी चौधरी | खडक न.पा. ८, बिषणपुर | ६०२३ | हेम नारायण चौधरी | लक्ष्मी प्रसाद चौधरी | ब्यापार कर्जा | 1,000,000.00 | 60,950.60 | 1,060,950.60 |
| ६० | विष्णू जेनरल स्टोर , प्रो: बन्दना कुमारी साह | खडक न.पा. ८, बिषणपुर | ६१६६ | धरणजय कुमार साह | शिव धर साह | ब्यापार कर्जा | 2,000,000.00 | 95,099.42 | 2,095,099.42 |
| ६१ | समतोलिया खातुन | खडक न.पा.-३,बनरझुला | ५८४६ | तफेजुल मियाँ | सौदागर मियाँ | घरायसी | 2,000,000.00 | 59,368.24 | 2,059,368.24 |
| ६२ | प्रतिभा जेनरल स्टोर, प्रो: सत्रुधन प्रसाद चौधरी | खडक न.पा.४, करमनिया | ५७१७ | रत्नेश्वर चौधरी | समर लाल चौधरी | ब्यापार | 1,000,000.00 | 45,300.50 | 1,045,300.50 |
| ६३ | चन्दर देवी चौधरी | शम्भुनाथ ९, बोदरहट | ५४२३ | रेवतिकान्त चौधरी | गंगा प्रसाद चौधरी | तरकारी खेती | 250,000.00 | 7,728.98 | 257,728.98 |
| ६४ | राजन जेनरल स्टोर , प्रो: पाण्डव चौधरी | शम्भुनाथ ८, पोखरिया | ५३३३ | नेवीलाल चौधरी | गेना लाल | ब्यापार कर्जा | 1,150,000.00 | 68,695.53 | 1,218,695.53 |
| ६५ | पुलकित चौधरी | शम्भुनाथ ८, पोखरिया | ५४०७ | कैलु चौधरी | भपिदास | घरायसी | 100,000.00 | 6,554.00 | 106,554.00 |
| ६६ | नन्दी लाल चौधरी | शम्भुनाथ न.पा. ३, नरही | ४३४४ | रबिलाल चौधरी | धनिलाल चौधर्री | घरायसी | 325,000.00 | 32,043.24 | 357,043.24 |
| ६७ | आदर्श कुखुरा फर्म, प्रो: महेश कुमार ठाकुर | शम्भुनाथ न.पा. ३, कचन्दाहा | ५६७० | विश्वनाथ ठाकुर | नथुनी ठाकुर | कुखुरा पालन | 700,000.00 | 30,805.00 | 730,805.00 |
| ६८ | सिमरन जनरल स्टोर(प्रो.पवन सरदार) | शम्भुनाथ न.पा. ७ ,भगतपुर | ५९३३ | मंगल सरदार | भुटाई सरदार | ब्यापार | 700,000.00 | 19,804.89 | 719,804.89 |
| ६९ | नारायण राउत | शम्भुनाथ न.पा. २, डडराही | ३०८६ | रविलाल राउत | ननिलाल राउत | घरायसी | 550,000.00 | 34,966.61 | 584,966.61 |
| ७० | अमित किराना एण्ड जेनरल स्टोर, प्रो: सुखदेव साह | शम्भुनाथ न.पा.३ | ५२९४ | दूखी साह तेली | जितन साहू तेली | ब्यापार कर्जा | 1,200,000.00 | 71,070.00 | 1,271,070.00 |
| ७१ | पार्वती देवी चौधरी | शम्भुनाथ न.पा.३, नरही | ५७०५ | महेश प्रसाद चौधर | सोमी चौधरी | सरल कृषि | 450,000.00 | 37,348.56 | 487,348.56 |

कृषि विकास बैंक लि.
शाखा कार्यालय, कल्याणपुर, सप्तरी

# मिडिया काउन्सिल विधेयकलाई संविधानको मर्मअनुरुप अगाडि बढाउन सुझाव

काठमाडौं, २ असार (रासस)। प्रेस काउन्सिल नेपालले 'मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'लाई संविधानको मूल मर्म र भावनाअनुरुप अगाडि बढाउन सुझाव दिएको छ।

राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिको आइतबारको बैठकमा 'मिडिया काउन्सिल विधेयक, २०८०'बारे प्रेस काउन्सिलसँगको छलफलका क्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले संविधानमा उल्लेख भएको पूर्ण प्रेस स्वतन्त्रताको मर्म विपरीत सरकारले मिडिया काउन्सिल विधेयक ल्याएको भन्दै आपत्ति जनाउनुभयो।

उहाँले भन्नुभयो, "मिडिया काउन्सिल विधेयकको प्रस्तावनामै नभएको र पहिलाको काउन्सिल ऐनमा समेत नभएको मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई काउन्सिलको सदस्य बनाउने विषय विधेयकमा आएको छ, यसले काउन्सिललाई सरकारले आफ्नो नियन्त्रणमा ल्याउन खोजेको देखिन्छ, यो बारेमा पर्याप्त छलफल हुन जरुरी छ।"

अध्यक्ष पद रिक्त रहेको वा निलम्बनमा रहेको अवस्थामा अध्यक्ष नियुक्ति नभएसम्मका लागि कार्यवाहक अध्यक्षका रुपमा सदस्य (मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत)ले बैठक बोलाउन र सो बैठकको अध्यक्षता गर्ने व्यवस्था गरिएकोप्रति असन्तुष्टि व्यक्त गर्नुभयो। मिडिया काउन्सिल विधेयकको प्रस्तावनामा 'पत्रकारिता क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरचनाका लागि स्वायत्त नियामक निकायका रुपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले सङ्घीय संसद्ले यो ऐन बनाइएको छ,' भनिएको छ।

सांसद घनश्याम रिजालले विधेयकमा कसलाई मिडिया भन्ने र कसलाई मिडिया नभन्ने बारेमा प्रस्ट हुनुपर्नेमा जोड दिनुभयो। सांसद जीतजङ्ग बस्नेतले मस्यौदा संविधान र प्रेस स्वतन्त्रताको मर्म विपरीत आएको बताउनुभयो। सांसद डा वेदुराम भुसालले सम्बन्धित निकाय र विज्ञको सल्लाह तथा सुझावका आधारमा मात्रै मिडिया काउन्सिल विधेयकलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।


## बीमा लेख नं. हराएको सूचना

राजविराजस्थित गजेन्द्र चौकदेखी रुपनी बस स्टेण्डसम्म जाँदै गरेको अवस्थामा २०८१ साल बैशाख १० गते बीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८४२८३०६६६ मा सम्पर्क गर्नुहोला।

**नाम : अखिलेश साह**
**हरि ओम कुमार साह**
**C/O सुनिल कुमार साह**
**बीमा लेख नं. :**
**२५१७०४५४२**
**२५१७०४५४१**
**राजविराज ७, सप्तरी**



## राजबिराज नगरपालिका
### १ नं.वडा कार्यालय
### राजबिराज,सप्तरी
### मधेश प्रदेश,नेपाल

प.स. २०८०/०८१
च.न. १२४६

मिती :- २०८१।०२।३१

विषय: - सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी गा.वि.स. बनैनिया वार्ड नं.१राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने **दुखिलाल दासले** तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८१।०२।३२गते मा द.न.१६६४ को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

**तमसिल**

जिल्ला सप्तरी रा.वि.न.पा.२ हाल १ बस्ने चन्द्र कला देवी कथबनयिा नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | २ | ८४५ | ०-१-० |

खेलानन्द यादव
नि.वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं.१



## डढेलोबाट बचौं र बचाऔं।

सानो असावधानीले डढेलोबाट जंगलमात्र होईन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन्
त्यसैले,

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जंगल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड


# एन्फा लिग २०८१ को उपाधी प्रोग्रेसिभ युवा क्लबलाई



**दैनिक समाचारदाता राजविराज, २ असार।** सप्तरीको सप्तकोशी नगरपालिकाको ओद्राहामा संचालित एन्फा लिग २०८१ को उपाधी प्रोग्रेसिभ युवा क्लब ओद्राहाले जितेको छ।

आईतवार सम्पन्न फाईनल खेलमा हिरोज स्पोटिङ्ग क्लब बरमझियालाई टाइब्रेकरमा ४-२ गोल अन्तरले हराउदै प्रोग्रेसिभ युवा क्लबले उपाधि जितेको हो।

निर्धारित समय सम्म दुबै टिमबाट १/१ गोल भई खेल बराबरीमा टुङ्गिएपछि विजेताको छिनोफानो टाईब्रेकर प्रणालीबाट गरिएको हो। जसमा प्रोग्रेसिभ युवा क्लबले सफलता पायो।

सो अवसरमा प्रमुख अतिथि अखिल नेपाल फुटबल संघ (एन्फा) का राष्ट्रिय अध्यक्ष पंकज बिक्रम नेम्वाङले फुटबल खेलको विकासका लागि विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइएको बताए।

राष्ट्रिय, प्रदेश र जिल्ला स्तरको प्रतियोगिता गर्ने, तल्लो तहमा फुटवल प्रशिक्षण गर्ने, फुटबलका गतिविधीलाई गाउँ/गाउँमा लैजाने लगायतका कार्य योजनाका साथ आफू अघि बढेको उनको भनाई थियो।

प्रतियोगिता समाप्तीपछि जिल्ला फुटवल संघ सप्तरीका अधयक्ष राजकुमार परियारको अध्यक्षतामा आयोजित समापन समाहरोमा प्रमुख अतिथी एन्फा अध्यक्ष नेम्वाङ, सप्तकोशी नगरपालिकाका मेयर कृष्ण ढकाल लगायतले विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरेका थिए।

अखिल नेपाल फुटबल संघ (एन्फा) को सहयोग तथा फुटवल संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगितामा कुल ९ टिमको सहभागिता रहेको थियो।

# आठ दिनदेखि बेपत्ता एक महिलाको शव फेला

धनुषा, २ असार (रासस)। यहाँको महेन्द्रनगरबाट आठ दिनदेखि बेपत्ता एक महिलाको शव फेला परेको छ। क्षीरेश्वरनाथ नगरपालिका-५, महेन्द्रनगरकी २८ वर्षीया रुबी यादवको शव सडेगलेको अवस्थामा शनिबार भेटिएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरका इन्चार्ज प्रहरी निरिक्षक सोनुकुमार साहले मिथिला नगरपालिका-५, स्थित औरही सामुदायिक वनमा ती महिलाको शव भेटिएको बताउनुभयो। रुबीको श्रीमान् राजनारायण यादव केही महिनाअघि वैदेशिक रोजगारीबाट फर्केका थिए। स्वदेश फर्किएपछि यादवसँग निरन्तर झगडा हुँदै आएको थियो।

गत शनिबारदेखि हराइरहेकी रुबीको खोजी गर्न उनका भाइ अनितले इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दिनुभएको थियो। रुबी बेपत्ता भएको उजुरी परेपछि सम्भावित स्थानमा खोजतलास गर्दा शनिबार राति मिथिला नगरपालिका-५, स्थित औरही सामुदायिक वनमा शव फेला परेको प्रहरी निरिक्षक साहले बताउनुभयो।

प्रहरीका अनुसार रुबी बेपत्ता भएको उजुरी पर्ने बित्तिकै रुबीका श्रीमान् राजनारायण यादवलाई प्रहरीले नियन्त्रणमा लिएका थिए। उनले श्रीमतिको हत्या गरेको स्वीकार गरेका छन्। प्रहरी निरिक्षक साहका अनुसार राजनारायणले गत शनिबार घुम्न जाने भनेर औरही सामुदायिक वनमा श्रीमतिलाई लिएर गएको र त्यहीं हत्या गरेर जङ्गलमा लास फालेको बयान दिएका छन्।

प्रहरीले शवपरीक्षणका लागि प्रादेशिक अस्पताल पठाइएको जनाएको छ। घटनाबारे थप अनुसन्धान गर्दै अभियुक्तलाई ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा चलाउने तयारी भइरहेको प्रहरी निरिक्षक साहले जानकारी दिनुभयो।

# क्याम्पस प्रमुखको हत्या घटनाबारे छानबिन गर्न माग

काठमाडौं, २ असार (रासस)। प्रतिनिधिसभाको आइतबारको बैठकमा बाराको कैलयास्थित रामराजा मोहनविक्रम साह बहुमुखी क्याम्पसका प्रमुख हरिभूषण कुशवाहालाई गोली हानी हत्या गरिएको घटनाको छानबिन गर्न माग गरिएको छ।

बैठकको आकस्मिक समयमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद अच्युतप्रसाद मैनालीले एकपछि अर्को यस्ता व्यक्ति हत्याका घटना भएको भन्दै क्याम्पस प्रमुख कुशवाहको गोली प्रहार गरी निर्ममतापूर्वक हत्या गरिएको घटनाको घोर भर्त्सना गर्नुभयो। कुशवाह एक प्राज्ञिक र सरल व्यक्ति भएको उहाँको भनाइ छ।

बारामा गत असोजमा कलैया चोकमा बाल एकता बोर्डिङ स्कुलका प्रिन्सिपल रुपेश सर्राफ र गत भदौमा बाराकै पचरौता नगरपालिकामा भारतीय नागरिकलाई नेपालमा ल्याएर गोली हानी हत्या गरिएको घटना उल्लेख गर्दै सांसद मैनालीले नागरिकको सुरक्षाप्रति संवेदनशील बन्न सरकारसँग माग गर्नुभयो।

"हत्याको शृङ्खला बढ्दै गएको छ। खुला सीमा तथा हातहतियारको ओसारपसारका कारण सीमा क्षेत्रका बासिन्दा असुरक्षित र त्रसित छन्," उहाँले भन्नुभयो, "मधेसमा एक दशकअघि राजनीतिक आवरणमा हत्या र हिंसाको शृङ्खला भएको थियो। धेरै नागरिक विस्थापित हुन परेको थियो। त्यो पीडा बिर्सेर मधेस सङ्लिदै गइरहेको अवस्थामा फेरि हत्याको शृङ्खला बढ्दै गएको छ। यसलाई अविलम्ब नियन्त्रण गरी अपराधीलाई कानुनी दायरामा ल्याउन माग गर्दछु।"

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अशोककुमार चौधरीले पनि क्याम्पस प्रमुख कुशवाहको गोली प्रहार गरी हत्या भएको घटनाको अनुसन्धान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*